# विपद् सम्बन्धी स्नातकोत्तर शोध अनुदानका आधारहरु

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

# प्रस्तावना

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ११ ले निर्धारण गरेको प्राधिकरणको काम, कर्तव्य र अधिकार र त्यसभित्र अध्ययन अनुसन्धान गर्ने , गराउने विषयहरु निर्दिष्ट गरिएका तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्ययोजना, २०७५ (सन् २०१८ देखि २०३० सम्म) ले विपद् व्यवस्थापनका बहुपक्षीय आयामहरुलाई दृष्टीगत गर्दै कुशल र दिर्घकालीन रुपमा विपद् जोखिम न्यूनीकरण , सशक्त र प्रभावकारी प्रतिकार्य, विपद् पश्चात दिगो विकासमूलक पूनर्स्थापना र पुनर्निर्माण समेतको काम कारवाहीलाई व्यवस्थित र निर्देशित गर्ने लक्ष्य लिएको छ।

आ.व. २०७८/७९ मा प्राधिकरणको वार्षिक कार्यक्रम "विपद्सँग सम्बन्धित विषयवस्तुमा शोध (Thesis) तयार गर्ने विधार्थीहरुका लागि प्रोत्साहन रकम" बजेट शिर्षक नं. ७.२.५.१ कार्यान्वयन गर्नको लागि पहिलो पटक **विपद् सम्बन्धी स्नातकोत्तर शोध अनुदान का आधारहरु** बनाइएको छ। यस सन्दर्भमा विश्वविद्यालयका स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाई यस कार्यक्रम मार्फत शोध अनुदान उपलब्ध गराई नवीन तथ्याङ्क र प्रविधिहरुका माध्यमबाट विपद् सम्बन्धी विषयमा शोध तयार गरी यस प्राधिकरणका उद्देश्य पूर्ती गर्न यस कार्यक्रमको आशय रहेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई सूचना र तथ्य तथ्याङ्कमा आधारित बनाउन, यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न अध्ययन अनुसन्धानको कार्यलाई निरन्तरता दिने शोधकर्ता तथा शोधका विषयहरु छनौटका आधारहरु स्पष्ट गर्न यो विपद्सम्बन्धी स्नातकोत्तर शोध अनुदानका आधारहरु स्वीकृत गरी लागु गरिएको छ।

## १.शोध अनुसन्धानका प्रस्ताव छनोटका आधारहरु

शोधपत्र सम्बन्धी प्रस्तावहरु छनौट गर्ने देहायका विषयका प्रस्तावलाई प्राथमिकता दिइनेछ।

- बाढी, पहिरो एवं डुबान नियन्त्रण सम्बन्धी नवीनतम् सोच र प्रविधि
- वन डढेलो, खडेरी तथा आगलागी रोकथाममा नवीनतम् र परम्परागत सोच र प्रविधि
- भू-मण्डलीय तापमान बृद्धि, जलवायु परिवर्तन, वायु प्रदुषणजन्य विपद् जोखिम न्यूनीकरणमा नवीनतम् र परम्परागत सोच र प्रविधि
- भूकम्प तथा अन्य प्राकृतिक विपद् बाट हुने क्षति न्यूनीकरणको नवीनतम् उपाय तथा अनुसन्धानहरु
- विपद्सम्बन्धी अध्ययन अनुसन्धानमा उपयोग हुने भौगोलिक सूचना प्रणाली , दूर संवेदन (रिमोट सेन्सिङ) प्रणाली, भू-उपयोग, पूर्वचेतावनी प्रणालीलगायतका आधुनिक प्रविधिहरुबाट विपद् नक्साकंन, मूल्याकंन, अध्ययन अनुसन्धान
- विभिन्न(उपरोक्त तोकिएको) किसिमका विपद्का सम्भावित कारक र न्यूनीकरणका उपायको विषयमा अध्ययन अनुसन्धानहरु

## २.कार्यक्रम संचालन प्रक्रिया

प्राधिकरणले स्वीकृत वार्षिक कार्यक्रमको परिधिमा रही स्तानकोत्तर तहमा पठनपाठन हुने शैक्षिक संस्थाहरुमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी यो कार्यक्रम देहाय बमोजिम संचालन गर्ने छ;

क)नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा अन्तर्गतका अध्ययन संस्थान /क्याम्पसमा विपद्सँग सम्बन्धित स्नातकोत्तर तहको अन्तिम वर्ष वा सेमेस्टरमा अध्ययनरत शोध (Thesis) गरिरहेका विद्यार्थीहरुले आवेदन दिन सक्नेछन्। यो कार्यक्रम शैक्षिक शत्र २०७६ /७७ देखि यता शोधपत्र बुझाई सकेका विद्यार्थीहरु समेतमा लागु हुनेछ।

ख)इच्छुक व्यक्तिले सूचनामा माग गरे अनुसार अनुसूचिमा उल्लेख भए बमोजिमको प्रस्ताव आवेदन फारम भरी प्राधिकरणको इमेल ठेगाना (ndrrma@gmail.com) मार्फत सूचना प्रकाशन भएको मितिदेखि सात दिनभित्र पेश गर्नुपर्ने हुन्छ।

ग)प्राधिकरणले प्राप्त प्रस्तावहरु मध्येबाट उपयुक्त प्रस्ताव छनौट गरी प्राधिकरणको पदाधिकारीको रोहवरमा सम्बन्धित विद्यार्थीसँग सम्झौता गर्ने छ।

घ)अनुसन्धान कार्य सकिसकेका विधार्थीहरुले सम्बन्धित शिक्षण संस्थाबाट शोधपत्रको स्वीकृती सहित प्राधिकरणमा गठित छनौट समितिको उपस्थितिमा शोधपत्र प्रतिवेदनको प्रस्तुती गर्नुपर्ने हुन्छ। शोधकार्य अन्तिम चरणमा रहेका विधार्थीहरुको हकमा सम्बन्धित शिक्षण संस्थाबाट शोधपत्रको मस्यौदा प्रतिवेदनलाई स्वीकृत गराई प्राधिकरणमा गठित छनौट समितिको उपस्थितिमा शोधपत्र प्रतिवेदनको प्रस्तुती गर्नुपर्ने हुन्छ। शोधकार्य अन्तिम चरणमा रहेको हकमा छनौट समितिबाट प्राप्त सुझावहरुलाई समेत समावेश गरे पश्चात सुपरीवेक्षकको स्वीकृती सहितको अन्तिम प्रतिवेदन (Final Thesis Report)प्राधिकरण समक्ष पेश गर्नुपर्ने हुन्छ।

ङ)सम्बन्धित शैक्षिक संस्थाबाट स्वीकृत भएको अन्तिम शोधपत्र प्रतिवेदन (Final Thesis Report) एकप्रति Hard copy र soft copy (pdf version)प्राधिकरणलाई उपलब्ध गराउनु पर्ने हुन्छ।

च)प्राप्त शोधपत्रलाई आवश्यकता अनुसार प्राधिकरणको वेबसाइट www.bipad.gov.np मा राखिनेछ। शोधकार्यको क्रममा संकलन गरिएको विपद् सम्बन्धी तथ्याङ्क प्राधिकरणको वेबसाइट अथवा bipadportal मा आवश्यकता अनुसार राखिने छ।

छ)शोधकर्ताले सोही शोधपत्र बापत अन्य कही कतैबाट शोध अनुदान अथवा सहायता प्राप्त गरेको खण्डमा प्राधिकरणबाट अनुदान पाउने छैन। शोधकर्ताले आवेदनसँगै सुपरीवेक्षकको सिफारिस पत्र अनिवार्य पेश गर्नुपर्ने छ।

ज)नेपाली नागरिकले मात्र अनुसूचिमा उल्लेख भए बमोजिमको प्रस्ताव सहितको आवेदन भरी पेश गर्न पाउने छन्। महिला, अपाङ्गता भएका विद्यार्थी, पिछडिएका वर्ग तथा अन्य संकटासन्न वर्गमा परेका विद्यार्थीहरुलाई विशेष प्राथमिकता दिईने छ।

झ)यस सम्बन्धी अन्य आवश्यक कार्यहरु गरिने छ।

**३.सम्झौता सम्बन्धी**

१) शोधकर्ताले प्राधिकरणसँग सम्झौता गर्न आउँदा सम्बन्धित विश्वविद्यालय वा क्याम्पसको सुपरीवेक्षकको सहमति पत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि , विद्यार्थी परिचयपत्रको प्रतिलिपि, पान नम्बर, बैंक खाताको विवरण र एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य पेश गर्नुपर्ने छ।

## ४. शोधकर्ताको कर्तव्य

सुपरीवेक्षकको प्रत्यक्ष निगरानी नियन्त्रणमा रही काम गर्नु शोधकर्ताको कर्तव्य हुने छ।

## ५.स्नातकोत्तर शोध अनुदानको संख्या र अनुदानको रकम

१) प्रत्येक आर्थिक वर्षमा शोध अनुदान छनौट समितिले बजेटको भारलाई दृष्टिगत गरी संख्या तोक्ने , शोध सहायता समसामायिक र नतिजामुखी प्रस्तावको आधारमा रकम तोकी व्यक्तिको बैङ्क खातामा एकमुष्ट जम्मा गर्ने व्यवस्था मिलाइने छ।

२) संझौतामा तोकिएको समय सीमाभित्र विश्वविद्यालय वा क्याम्पसको सुपरीवेक्षकबाट स्वीकृत भइ आएका अन्तिम शोधपत्र प्रतिवेदन (Final Thesis Report)वा अन्तिम शोधपत्र मस्यौदा प्रतिवेदन (Final Draft Thesis Report)प्राप्त भएपछि मात्र रकम निकाशा गरिने छ ।

३) शोध अनुदान लिने व्यक्तिको सेवा सुविधा बापतको रकममा नेपाल सरकारको प्रचलित कानुन बमोजिम कर लाग्ने छ।

अनुसूचि

**National Disaster Risk Reduction and Management Authority**

**MASTER THESIS GRANT APPLICATION FORM**

| | |
|---|---|
| **1. Full Name of Applicant** | First Middle Last |
| **2. Date of Birth** | Year Month Day |
| **3. Gender** | |
| **4. Nationality** | |
| **5. Correspondence** | Address:<br>Email:<br>Contact Number: |
| **6. Academic qualification** | Degree Passed year Division/Percentage<br>Master<br>Bachelor |
| **7. Name of Supervisor**<br>Name:<br>Title:<br>Institution:<br>Contact number:<br>Email:<br>Signature: | |
| **8. Thesis Title** | |
| **9. Problem Statement/Rationale** | |
| **10. Research Objectives** | |

| 11. Methodology |
| --- |
| |
| **12. Findings** |

………………………

**Signature of Applicant**

**Date: …………**

*Note: Limit your application form within five printing pages*

निम्न लिखित कागजातहरु अनिवार्य संलग्न गर्नुपर्ने छ।

क)अनुसूचिमा उल्लेख भए बमोजिमको प्रस्ताव सहितको आवेदन

ख)सम्बन्धित विश्वविद्यालय वा क्याम्पसको सुपरीवेक्षकको सिफारिस र सहमति पत्र

ग)नेपाली नागरिकताको प्रमाणपत्रको Scan copy

घ)अपाङ्गता भएका विद्यार्थी , पिछडिएका वर्ग तथा अन्य संकटासन्न वर्गमा परेका विद्यार्थीको हकमा सो प्रमाणपत्रको Scan copy